“हुन्न केही प्रगति यहाँ कुनै जीउ विनाको, कल्पना छैन सृष्टिको यहाँ कुनै बीउ विनाको”

नेपाल बीउ व्यवसायी संघ केन्द्रीय समिति २०४७

SEAN

# नेपाल सीड बुलेटिन

बीउ प्रविधि एवं बजार व्यवस्थापनसम्बन्धी त्रैमासिक बुलेटिन

वर्ष- २५ | अंक-१ | २०७६ (बैशाख-असार)




## राष्ट्रिय बीउ बिजन कार्यशाला गोष्ठी सम्पन्न

किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम (KUBK)/कृषि उद्यम केन्द्र (AEC) को आर्थिक सहयोग तथा नेपाल बीउ व्यवसायी संघको आयोजनामा सोल्टी होटल, कालिमाटी, काठमाडौंमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. युवकध्वज जीसीज्यूको प्रमुख आतिथ्यता र नेपाल बीउ व्यवसायी संघका केन्द्रीय अध्यक्ष श्री लक्ष्मीकान्त ढकालज्यूको अध्यक्षतामा मिति २०७६/०३/२० गते एक दिने राष्ट्रिय बीउ विजन बिचार (National Seed Symposium) गोष्ठी भव्यताका साथ सम्पन्न भएको छ ।

यस अन्तरक्रिया गोष्ठीमा विशिष्ठ अतिथिहरुमा डा. टेकबहादुर गुरुङ, कार्यकारी निर्देशक नेपाल कृषि अनुसन्धान परिषद र श्री मदन थापा, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, राष्ट्रिय बीउ बिजन समिति सदस्य तथा संघका निवर्तमान अध्यक्ष श्री मित्रराज दवाडी, कृषि उद्यम केन्द्रका प्रमुख डा. हरि शर्मा, नेपाल कृषि अनुसन्धान परिषदका बाली तथा बागवानी निर्देशक डा. दीपक भण्डारीज्यू, राष्ट्रिय बीउ बिजन समितिका सदस्यहरु डा. कृष्णप्रसाद पौडेल, श्री डिलाराम भण्डारी, के.यु.बि.के. का बीउ बिशेषज्ञ श्री लिलाराम पौडेल, कृषि उद्यम केन्द्रका कार्यक्रम संयोजक डा. दिनेश प्रसाद पराजुली, विभिन्न कार्यालयका पदाधिकारीहरु, जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने बीउ उत्पादक कृषकहरु, गैह्र सरकारी संस्थाका प्रतिनिधिहरु र बीउ व्यवसायीहरु (उत्पादक, बिक्रेता तथा बीउ आयातकर्ता) गरी जम्मा ४७ जना सहभागीहरुको उपस्थिति रहेको थियो ।

सहभागीहरुको आसन ग्रहण पश्चात संघका वरिष्ठ उपाध्यक्ष श्री मणिदेव भट्टराईज्यूले सहभागीहरुलाई स्वागत मन्तव्य र कार्यक्रमको उद्देस्यहरुबारे प्रकाश पार्नुभएको थियो भने राष्ट्रियगान, सहभागीहरुको परिचय पश्चात गोष्ठीका प्रमुख अतिथि डा. युवकध्वज जीसीज्यूबाट राष्ट्रिय बीउ बिजन कार्यशाला गोष्ठीको विधिवत रुपमा समुदघाटन गरी कार्यक्रम सन्चालन गरिएको थियो ।

यस गोष्ठीमा तीनवटा कार्यपत्रहरु प्रस्तुतीकरण गरिएको थियो । कार्यपत्र प्रस्तुतीकरण पश्चात सहभागीहरु उत्साहका

बाकी दोस्रो पेजमा

# सम्पादकीय

नेपालमा कृषि अनुसन्धानका गतिविधिहरु वि.सं. २०१७ सालमा गहुँका नयाँ जात लेर्मा ५२ को विकाससँगै सुरुवात भइ क्रमशः खाद्यान्न, दलहन, तेलहन र तरकारी बालीहरुका उन्नत जातहरुको विकासमा नेपाल कृषि अनुसन्धान परिषद लागि परेको छ। हालसम्म ७३ विभिन्न बालीका खुल्ला सेचित र वर्णसंकर जातहरु गरी जम्मा ६९८ जातहरु सूचिकृत रहेका छन्। यसमध्ये ३४० जातहरु खुल्ला सेचित र ३५८ जातहरु वर्णसंकर पर्दछन्। नेपालमा सूचित भएका जातहरुमध्ये ३५१ जातहरु वाह्य मुलुकले विकास गरेका जातहरु नेपालमा बजारीकरणको लागि मात्र सूचित अभिलेखमा राखिएको छ। कृषि अनुसन्धानबाट राम्रा जातभन्दा पनि संख्या वृद्धिमा लागि परेको हुँदा बाह्य मुलुकबाट औपचारिक रुपमै धान, मकै र विभिन्न तरकारी बालीहरुका करिव ३२०० मे.टन बीउ आयात भएको देखिन्छ। यसमध्ये, करिव १३२ मे.टन तरकारीका बीउबिजन पर्दछन् भने तरकारी वालीमा करिब ६७ प्रतिशत बीउबिजन अनौपचारिक रुपमा आयात गरी आपूर्ति गरेको पाइन्छ। यी तथ्याङ्कबाट के देखिन्छ भने कृषकको माग अनरुप बालीका जातहरुको विकास हुन नसक्दा वर्षेनी आयातमा बृद्धि भइ परनिर्भरतर्फ उन्मुख रहेको पाइन्छ।

कृषि बीउ बजारमा आयातित जातहरुको बाहुल्यता रहनुको मुख्य कारणहरुमा कृषि अनुसन्धानबाट कृषकको चाहना अनरुप बढी उत्पादन दिने, प्रतिकूल वातावरण (तातो, चिसो) सहन सक्ने, रोग तथा कीरा निरोधका अवरोधि खुल्ला सेँचित वा वर्णसंकर जातहरुको विकास गर्न नसक्नु रहेको पाइन्छ। यसको अलावा, तरकारी बाली अनुसन्धानले जात विकासमा प्राथमिकता नपाउनु, निजी क्षेत्रमा जातीय अनुसन्धान तथा अध्ययनमा पर्याप्त लगानी गर्न नसकी पछाडि पर्नु, प्रजननकको अभावको साथै व्यवसायिक कृषकहरुको नयाँ तथा वर्णसंकर जातहरुप्रति आकर्षित हुनु जस्ता कारणहरुले बीउ व्यवसायीहरुले आयात गरेर भएपनि माग अनुसार औपचारिक तथा अनौपचारिक रुपमा बीउको आपूर्ति गर्न वाध्य रहेका छन्।

बीउ बिजन ऐन २०४५ को दफा ११ (ख) अनुसार सूचित बाली तथा जातको बीउबिजन मात्र बिक्री वितरण गर्न पाउने व्यवस्था रहेको छ। तर सूचित प्रक्रिया झंझटिलो हुनुको साथै कार्यान्वयन पक्ष पनि कमजोर रहेको पाइन्छ। खास गरी, तरकारी बालीका जातहरु सूचित गराउन लामो समय लाग्ने हुँदा जातहरु सूचित भएर आउँदा उक्त जातको प्रभावकारितामा न्युन भइ अन्य अनौपचारिक तरिकाले आयातित नयाँ जातले प्रतिस्थापन भइसक्ने भएकाले औपचारिक रुपमा बीउबिजन आयात गर्ने व्यवसायी उदासिन भइ उनीहरु पनि आफ्नो व्यवसाय चलाउनको लागि भए पनि अनौपचारिक रुपमा आपूर्ति गर्न वाध्यात्मक स्थिति देखिन्छ। त्यसैले, सूचित प्रक्रियाका यावत समस्या समाधानको लागि सरकारी निकायबाट विकास गरेका बाली जातहरु र स्थानीय रैथाने जातहरु मात्र राजपत्रमा सूचना प्रकाशन गरी सूचित गर्ने र बीउ बजारीकरणको लागि बाह्य मुलुकबाट आयात गर्ने बीउहरु तथा निजी क्षेत्रले विकास गरेका बीउहरुलाई उत्पादक तथा आयातकर्ताहरुको जिम्मेवारीमा राष्ट्रिय बीउबिजन समितिमा अभिलेखीकरण पश्चात आयात तथा बजारीकरण गर्ने र नियमनकारी निकायले प्रभावकारीका साथ बजार अनुगमन गरी कुनै पनि बीउ व्यवसायीको गतिविधिहरु नियमसंगत नपाइएमा कडाइका साथ सजायको भागीदार बनाउने व्यवस्था हुन पनि अति आवश्यक देखिन्छ। त्यस्तै गरी, सरकारी तथा निजी क्षेत्रका कृषि अनुसन्धान तथा अध्ययनलाई पर्याप्त स्रोत साधनको व्यवस्था गरी प्रतिस्पर्धी जात विकास गर्न सकिएमा मात्र राष्ट्रिय बीउ बिजन सोच २०१३-२०२५ को उद्देश्य अनुरुप देश बीउमा अत्मनिर्भर रहने, आयात प्रतिस्थापन हुने र खाद्य सुरक्षामा पनि सुधार हुँदै जानेछ।

पहिलो पेजको निरन्तर

साथ छलफलमा भाग लिनुभएको हुंदा कार्य तालिकामा समूह विभाजन र प्रस्तुतीकरण कार्य स्थगित गरिएको थियो। सहभागीहरुबाट उठेका सवालहरुमा कार्यपत्र प्रस्तोताहरुले स्पष्ट जवाफ दिनुभएको थियो। छलफलवाट निकालिएको निष्कर्शमा निजी क्षेत्र बीउ व्यवसायमा अगाडि बढिरहे तापनि बीउ विजन नीति तथा नियमहरु समय सापेक्ष बनाई बढी उत्पादन दिने बाली जातहरु (खुला सेचित/वर्णशंकर) विकास नहुंदासम्म आयात गरिनुपर्ने बाध्यता रहेको छ। यस्को लागि नियमनकारी निकायले बीउ विजन नीति तथा नियमहरु समय सापेक्ष बनाई व्यवसायी मैत्री वातावरण निर्माण गरिनुको साथै जात सूचीकरण प्रक्रियालाई परिमार्जन गरी सहज बनाउनु पर्ने आवश्यक छ। के.यु.बि.के. जिल्लाहरुमा सञ्चालित सवल कार्यक्रमलाई सबै सरोकारवालाहरुले आत्मसात गरी निरन्तरता दिनु जरुरी छ। किनकि, यस कार्यक्रमबाट बीउ प्रतिस्थापन दर तथा गुणस्तर बीउ आपूर्तिमा वृद्धि भई आयात प्रतिस्थापन भएको छ।

कार्यपत्र प्रस्तुतीकरण र छलफल पश्चात विशिष्ठ अतिथिज्यूहरुबाट मन्तव्य दिने क्रममा कृषि उद्यम केन्द्रका कार्यकारी निर्देशक डा. हरि शर्माज्यूले सरकारी तथा निजीक्षेत्र समन्वयतामक रुपमा गएमा मात्र ठोस प्रतिफल पाउन सकिन्छ र के.यु.बि.के. बाट सिकेका सिकाईहरुलाई

आत्मसात गरी सबै सरोकारवालाहरुले आगामी कार्यक्रममा अवलम्बन गरिनुपर्छ । यसै गरी बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख श्री मदन थापाज्यूले के.यु.बि.के. समाप्ति पश्चात त्यहांबाट उपलब्ध भएका सफल सिकाईहरु अन्य निकायबाट सञ्चालित कार्यक्रममा निरन्तरता कसरी दिन सकिन्छ भन्नेबारे सोच्न जरुरी छ भन्नु भयो । उहांले बीउ श्रृंखला कायम नहुंदा स्रोत बीउ खेर गईरहेकोले सो कार्यलाई कार्यान्वयन गर्न बीउ विजन अडिटमा जोडदिनु पर्ने कुरा राख्नु भएको थियो । बीउ बिजन नियमन तर्फ सूचीकरण तथा अभिलेख राख्ने विषयमा अन्योलता रहेकोले स्पष्ट हुनु आवश्यक रहेको र समयानुसार ऐन नियम परिमार्जन गर्दै लगिने छ भन्ने भनाई राख्नु भएको थियो । त्यस्तै गरि, कृषि अनुसन्धान परिषदका कार्यकारी निर्देशक डा. टेकबहादुर गरुङज्यूले मन्तव्य दिने क्रममा अनुसन्धानबाट कृषकको माग अनरुपका जातहरु विकास हुन नसकेको अवस्था रहेको छ, अझ भन्ने हो भने, तरकारी बालीमा कमजोर जातीय विकास कार्यहरु निकै नै कमजोर भएको हुदा यस क्षेत्रलाई सवल बनाउन अति जरुरी छ । यसका लागि हामी सबै सरोकारवाला निकायहरु समन्वयात्मक रुपमा अगाडि बढनुपर्दछ भन्ने भनाई पनि राख्नु भएको थियो । मन्तव्यको क्रममा कार्यक्रमका प्रमुख अतिथि डा. युवकध्वज जीसीज्यूले बीउ क्षेत्रको महत्वबारे प्रष्ट पार्दै तीन खम्बे नीति अवलम्बनमा हामी सबै मिलेर जानुको विकल्प छैन भन्नु भयो । उहांले कृषि अनुसन्धानको उत्पादकत्व वृद्धि गर्ने, अन्य सरोकारवालाहरुको उत्पादन बृद्धि गर्ने उद्देश्य रहेको हुन्छ भने मन्त्रालयको गुणस्तर उत्पादन र आयात प्रतिस्थापन गर्ने उद्देश्य रहेको हुन्छ भन्ने करा पनि स्पष्ट गर्नु भयो । बीउको क्षेत्रबाट विकासको लागि कृषि अनुसन्धानमा रहेका कमी कमजोरीहरुलाई सम्बोधन तथा आवश्यक सहयोग गर्नको लागि मन्त्रालय सदैव तयार भए तापनि यसका लागि कृषि अनुसन्धान, नियमनकारी निकाय र निजी क्षेत्रबाट पहल गरिनुपर्छ भन्ने भनाई राख्नुभएको थियो । अन्तमा, गोष्ठीका सभाध्यक्ष श्री लक्ष्मीकान्त ढकालज्यूले गुणस्तर बीउको प्रयोगमा वृद्धि तथा आयात प्रतिस्थापन गर्नको लागि सबै सरोकारवालाहरु समन्वयात्मक रुपले प्रतिवद्धताका साथ अगाडि वढ्न सकिएमा मात्र देश समृद्ध हुनसक्ने भनाई राख्नु हुंदै यो राष्ट्रिय बीउ बिजन कार्यशाला गोष्ठी सफल भएको छ र कार्यक्रम सफल बनाउन भूमिका खेल्ने सबै सहभागीहरुलाई धन्यवाद दिंदै कार्यक्रम समापन गर्नुभएको थियो ।

## बीउ व्यवसाय बजारीकरणमा नीतिगत समस्या र समाधान सम्बन्धी अन्तरक्रिया गोष्ठी सम्पन्न



प्रदेश नं. ५ को बुटवलमा मिति २०७६/०३/०६ मा एक दिने बीउ बजारीकरणमा नियमन तथा नीतिगत समस्या समाधानसम्वन्धी अन्तरक्रिया गोष्ठी भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव श्री वैकुण्ठ अधिकारीज्यूको प्रमुख आतिथ्यता र नेपाल बीउ व्यवसायी संघका अध्यक्ष श्री लक्ष्मीकान्त ढकालज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । यस गोष्ठी सन्चालनमा आर्थिक सहयोग दिने संस्थाहरुमा किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम र कृषि उद्यम केन्द्र थियो भने आयोजक संस्था नेपाल बीउ व्यवसायी संघ, केन्द्रीय कार्यलय, कलंकी काठमाडौ रहेको थियो ।

यस अन्तरक्रिया गोष्ठीमा विशिष्ठ अतिथिहरुमा श्री कौशलकुमार पौडेल, कार्यक्रम संयोजक, के.यु.बि.के., श्री मित्रराज दवाडी, राष्ट्रिय बीउ बिजन समिति सदस्य तथा संघका निवर्तमान अध्यक्ष रहनुभएको थियो । यस गोष्ठीमा राष्ट्रिय गहु बाली अनुसन्धान कार्यक्रम भैरहवाका प्रमुख श्री शेषरमन उपाध्याय, बीउ बिजन प्रयोगशालाका प्रमुख श्री तेजनारायण गैरे, कृषि विकास निर्देशनालय, भैरहवाका वरिष्ठ बाली अधिकृत श्री दीपक सापकोटा, कृषि उद्यम केन्द्रका कार्यक्रम संयोजक डा. दिनेशप्रसाद पराजुली, विभिन्न कार्यालयका पदाधिकारीहरु, किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने बीउ उत्पादक कृषकहरु, गैह्र सरकारी संस्थाका प्रतिनीधिहरु र बीउ व्यवसायीहरु (उत्पादक, बिक्रेता तथा बीउ आयातकर्ता) गरी जम्मा ४२ जना सहभागिहरुका उपस्थिती रहेको थियो ।

सहभागीहरुको आसन ग्रहण पश्चात सभाका सभाध्यक्ष एवं संघका बरिष्ठ उपाध्यक्ष श्री मणिदेव भट्टराईज्युले सहभागीहरुलाई स्वागत मन्तव्य र कार्यक्रमको उद्देस्यहरु बारे प्रकाश पार्नु भएको थियो भने राष्ट्रियगान, सहभागिहरुको परिचय पश्चात गोष्ठीका प्रमुख अतिथि श्री बैकुण्ठ

अधिकारीज्यु**बाट** अन्तरक्रिया गोष्ठी कार्यक्रमको बिधिवत रुपमा समुद्घाटन गरी कार्यक्रम सञ्चालन भएको थियो । यस गोष्ठीमा तीनवटा कार्यपत्रहरुको प्रस्तुतीकरण पश्चात कार्यपत्रहरु माथि सहभागीहरुबाट उठेका जिज्ञासाहरुलाई प्रस्तुतकर्ताले विषयवस्तुबारे स्पष्ट पार्नु भएको थियो ।

कार्यपत्र प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट उत्साहका साथ छलफलमा भाग लिनुभएको र सहभागीहरुबाट उठेका जिज्ञासाहरुमा कार्यपत्र प्रस्तोताहरुले जवाफ दिनुभएको थियो । जस्मा नियमनकारी निकायहरुले बीउ बिजन गुणस्तर नियन्त्रणमा विशेष ध्यान पुऱ्याउन आवश्यक छ । साथै, नियमन तथा नीतिगत समस्याहरुलाई आवश्यक परिमार्जन गरी व्यवसायीमैत्री नीति नियम निर्माण भएमा निजी क्षेत्रले गुणस्तर आपूर्तिमा अग्रणि भूमिका खेल्न सक्ने छ । फलस्वरुप कृषकको आयस्तर वृद्धि हुने भनाई सहभागीहरुको रहेको थियो । जिल्लाबाट प्रतिनिधित्व गर्ने बीउ उत्पादक कृषकहरु आयोजना समाप्ति पश्चात समूह सहकारी तथा कम्पनीहरुको सवलीकरण कसरी हुने सम्बन्धी जिज्ञासा रहेको थियो । नियमन तथा नीतिगत समस्याहरुमा संघीय, प्रदेश, तथा स्थानीय सरकारले समन्वयात्मक तवरले व्यवसायीमैत्री वातावरण निर्माण गरेमा मात्र निजी क्षेत्रले सदैव कृषकको हकहितमा नयां प्रविधि विस्तारको साथै गुणस्तर बीउ आपूर्तिमा योगदान दिनसक्ने निजी क्षेत्रका बीउ व्यवसायीहरुले सुझाव दिनुभएको थियो ।

किसानका लागि उन्नत बीउ बिजन कार्यक्रमका कार्यक्रम संयोजक श्री कौशलकुमार पौडेलज्यूले आयोजना समाप्ति पश्चात कार्यक्रमले दिएको योगदानबाट गुणस्तर बीउ उत्पादन गर्ने उत्पादकहरुलाई प्रदेश तथा स्थानीय सरकारले जिल्लामा रहेका सवल समूह, सहकारीहरु र बीउ व्यवसायी बिच समन्वयकारी भूमिका निभाई सहज बीउ बजारीकरण हुनेछ तर व्यवसायमा सबै सरोकारवाला इमान्दार हुनुपर्दछ भन्ने भनाई राख्नुभएको थियो भने कार्यक्रमका प्रमुख अतिथि श्री वैकुण्ठ अधिकारीज्यू, सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ ले यो प्रदेश बीउ उत्पादनमा अग्रस्थानमा रहेको साथै ठूलो संभावना पनि रहेको हुंदा नीतिगत तथा संरचना निर्माण भईरहेको अवस्थामा रहेको छ, भन्नु भयो । यस छलफल कार्यक्रमबाट किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम एक सफल आयोजना भएको हुदा यसको अपनत्व लिन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको साथै निजी क्षेत्रसमेत तयार रहेको र प्रदेशको कृषि रणनीति बनाई अगाडि बढिरहेको कुरा पनि वताउनु भयो । संविधानत तीन खम्वे नीति (सरकारी, सहकारी र निजी क्षेत्र) भएको हुंदा प्रदेश सरकारको कार्यक्रम सन्चालन तथा नीति नियम निर्माणमा निजी क्षेत्रसंग सहकार्य गर्न तयार रहेको छ भन्ने भनाई राख्नु भएको थियो । अन्तमा, गोष्ठीका सभाध्यक्ष श्री लक्ष्मीकान्त ढकालज्यूले बीउ के हो ? कसरी संरक्षण गर्नुपर्दछ ?, गुणस्तर बीउको प्रयोगमा बृद्धि, आयात प्रतिस्थापन गर्नको लागि सबै सरोकारवालाहरु बीउ प्रवर्द्धनमा जोड दिन सकिएमा मात्र देश सम्बृद्ध हुनसक्ने भनाई राख्दै कार्यक्रम सफल बनाउन भूमिका खेल्ने सबै सहभागीहरुलाई धन्यवाद दिदै कार्यक्रम समापन गर्नुभएको थियो ।

यस विचार गोष्ठीमा बीउसंग सरोकार राख्ने निकायहरु (सरकारी, बीउ व्यवसायी, अनुसन्धानकर्ता, नियमनकारी निकाय र बीउ उत्पादक कृषक) गरी ४२ जनाको सहभागिता रहेको थियो । यस विचार गोष्ठीबाट प्रदेश नं. ५ बीउ उत्पादनमा अग्रस्थान अगोटेको र निजी क्षेत्रसमेत अगाडि बढिरहेको अवस्था रहेको छ । किसानका लागि उन्नत बीउ बिजन कार्यक्रमले सञ्चालन गरेका सफल बीउ उत्पादन कार्यक्रमलाई आयोजना समाप्ति पश्चात प्रदेश, स्थानीय सरकार र निजी क्षेत्रले समन्बयात्मक रुपमा सवलीकरण तथा प्रवर्द्धन गर्ने कार्यमा एकजुट हुन आवश्यक रहेको छ । बीउ बिजन नियमन तथा नीतिगत सुधारमा निजी क्षेत्रलाई संलग्न गराई व्यवसायमैत्री वातावरण सिर्जना गरी तीनखम्वे नीति अनरुप समन्वयात्मक रुपले बीउ प्रवर्द्धन गर्न आवश्यक रहेको छ भन्ने यस गोष्ठीको निष्कर्ष रहेको थियो ।

## बीउ उत्पादन तथा बजारीकरण अन्तरक्रिया गोष्ठी सम्पन्न

किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम र कृषि उद्यम केन्द्रको आर्थिक सहयोग तथा नेपाल बीउ व्यवसायी संघको आयोजनामा कर्णाली प्रदेशको सल्यान जिल्लाको श्रीनगरमा बीउ उत्पादन तथा बजारीकण अन्तरक्रिया गोष्ठी शारदा नगरपालिका, सल्यानका उपप्रमुख श्री सावित्रा बस्नेतज्यूको प्रमुख आतिथ्यता र नेपाल बीउ व्यवसायी संघका केन्द्रीय अध्यक्ष श्री लक्ष्मीकान्त ढकालज्यूको अध्यक्षतामा मिति २०७६/०३/०५ गते सम्पन्न भएको छ ।

सहभागीहरुको आसनग्रहण पश्चात संघका वरिष्ठ उपाध्यक्ष श्री मणिदेव भट्टराईज्यूले सहभागीहरुलाई स्वागत मन्तव्य र कार्यक्रमको उद्देस्यहरु बारे प्रकाश पार्नुभएको थियो भने राष्ट्रियगान, सहभागीहरुको परिचय पश्चात गोष्ठीका प्रमुख अतिथि शारदा नगरपालिका, सल्यानका उपप्रमुख श्री

सावित्रा बस्नेतज्युले अन्तरक्रिया गोष्ठीको विधिवत रुपमा समुद्घाटन गरी कार्यक्रम सञ्चालन गरिएको थियो । यस गोष्ठीमा तीनवटा कार्यपत्रहरु प्रस्तुतीकरण गरी सहभागीहरुबाट उठेका जिज्ञासाहरुलाई कार्यपत्र प्रस्तुतकर्ताले स्पष्ट पार्नुभएको थियो ।

कार्यपत्र प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट उत्साहका साथ छलफलमा भाग लिनुभएको थियो । मुख्य सवालहरुमा, गुणस्तर बीउ उत्पादन र बजारको सुनिश्चितता र स्थानीय बीउ व्यवसायीहरुको बजारीकरणमा गर्नुपर्ने भूमिका, बीउ उत्पादन प्रवर्धनमा स्थानीय निकायको जिम्मेवारी, मुनाफा प्रतिशतको तुलनामा बैंक ब्याज दर बढी भएको, आयोजना समाप्ति पश्चात के हुने, वर्णसंकर जातप्रति कृषकहरुको आकर्षण बढिरहेकोसम्बन्धी सवालहरुमा कार्यपत्र प्रस्तोताहरुले जवाफ दिनुभएको थियो ।

लफल कार्य सकिए पश्चात कार्यक्रम समापन समारोहमा मुख्य अतिथि श्री सावित्रा बस्नेतज्यूले यस गोष्ठीको छलफलबाट मलाई बीउ उत्पादनका विषयबस्तु बुझ्ने अवसर दिनुभएकोमा आयोजकलाई धन्यवाद दिदै उत्पादन र बजारको सुनिश्चितता हुने वातावरण बनाउन आवश्यक छ । यसका लागि स्थानीय सरकार आफैं स्रोतको सिमामा रही काय गर्न सदैव तयार रहेको जानकारी गराउनुभएको थियो भने गोष्ठीका सभाध्यक्ष श्री लक्ष्मीकान्त ढकालज्यूले प्रदेश नं. ५ खासगरी तरकारी बीउ उत्पादनमा अग्रस्थानमा भएको हुंदा सबै सरोकारवालाले बीउ प्रवर्द्धनमा वातावरण बनाउन पहल गरिनुपर्छ भन्दै सबै सहभागीहरुलाई धन्यवाद दिदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## धान बालीमा लाग्ने मुख्य ढुसीजन्य रोगहरू तथा व्यवस्थापन

### १. धानको मरुवा रोग (Rice Blast)

**रोगको कारक जीवाणु** : *Pyricularia oryzae* नामक ढुसी

**रोगका लक्षणहरू** : यो रोगको लक्षण स्वरुप पातहरूमा दुवै छेउतिर चुच्चिएका लाम्चिला अण्डाकार थोप्लाहरू देखा पर्दछन् । यी थोप्लाहरु खैरो रङ्गका हुन्छन् र थोप्लाको बीचमा सेतो विन्दु हुन्छ । धेरै रोग लागेको पात डढेको जस्तो देखिन्छ र सुक्छ । बालाको फेदमा आक्रमण भएमा बाला मुन्तिरको डाँठको वरिपरि वा आँख्लामा खैरो रङ्गको दाग हुन्छ र बालाको ठीक मुनि भाँचिन्छ । बालाको घाँटीमा लाग्ने यस प्रकारको रोगलाई घाँटी मरुवा (Neck Blast) भनिन्छ, जुन बीउबाट सर्ने रोग हो र बीउ उत्पादन कार्यमा यो रोगलाई वर्जित गरिएको छ ।



चित्र नं. १: धानको मरुवा रोगको पात, डाँठको आख्ला र बालीको फेदमा देखा पर्ने लक्षण (स्रोत: www.google.com)

#### रोगको स्रोत र फैलिने अवस्था :

ओसिलो र न्यानो (२१ डिग्री सेल्सियस तापक्रम) यो रोग विकासको लागि उत्तम वातावरण हो । रोगी बीउ, संक्रमित पानी, परालका ठुटा तथा वैकल्पिक आश्रयदाता झारपातहरू रोगका स्रोतहरू हुन् । पातमा शीतका थोपाहरू रहिरहने र नाईट्रोजन मलको बढी प्रयोगले बिरुवा कलिला र हरिया हुन्छन् । यस्तो परिस्थितिमा ढुसी संक्रमण सजिलै हुन्छ र रोग माहामारीको रुपमा फैलन्छ । उष्णप्रदेशीय हावापानी भएको ठाउँमा वर्षैभरी हावामा बीजाणु पाईन्छ । शितोष्ण जलवायु भएको ठाउँमा बिरुवाको शेष अंग वा वैकल्पिक आश्रयदाता बोटमा रोगका जीवाणु बाँच्दछ । मरुवा रोगको प्रकोप पानी जम्ने खेतमाभन्दा सुख्खा खेतमा ज्यादा हुन्छ ।

#### रोग व्यवस्थापनका उपायहरू :

- रोग अवरोधक वा कम लाग्ने जातहरू जस्तै : कन्चन, खुमल २, खुमल ४, खुमल ५, खुमल ६, खुमल ७, खुमल ८, खुमल ९, खुमल १०, खुमल ११, खुमल १३, माछापुच्छ्रे ३, परवानिपुर १, जानकी, खजुरा २, राधा ४, राधा ७, राधा ११, राधा १२, राधा १३, हर्दिनाथ १, हर्दिनाथ २, सुख्खा १, सुख्खा २, सुख्खा ३, सुख्खा ४, सुख्खा ५, सुख्खा ६, स्वर्णा सव १, आदि लगाउने ।
- निरोगी बीउको प्रयोग गर्ने । रोगबाट ग्रसित भएको खेतबाट बीउ छनोट नगर्ने । नर्सरी बनाउँदा सम्भव भएसम्म हिले ब्याड राख्ने ।
- नाइट्रोजनयुक्त मल युरिया मात्र प्रयोग नगरी फस्फोरस र पोटास पनि सिफारिस मात्रामा प्रयोग गर्ने ।
- धान रोप्दा बाक्लो गरी नरोप्ने । हारदेखि हार र


बोटदेखि बोटको दूरी २०/२० से.मी. कायम गर्ने र एक ठाउँमा दुई बेर्ना मात्र रोप्ने । सम्भव भएसम्म खेत सुख्खा नराख्ने । खेतवारी, आली तथा वरिपरि रहेका अन्न बाली जातको झारपात हटाई खेत सफा राख्ने ।

- कार्बेन्डाजिम ५०% डब्लुपी ३ ग्राम प्रति के.जी. बीउका दरले उपचार गरी ब्याड राख्ने ।
- ट्राइसाइकाजोल ७५% डब्लुपी २ ग्राम वा कार्वेन्डाजिम ५०% डब्लुपी १ ग्राम वा कासुगामाइसिन ३ प्रतिशत एसएल १.५ मी.ली.प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा २-३ पटक छर्ने ।
- घाटी मरुवा रोग व्यवस्थापनका लागि बाला निस्कने बेलामा र बाला निस्केपछि एक एक पटक माथि उल्लेखित विषादी छर्ने ।

## २. धानको खैरो थोप्ले रोग (Brown Spot)

**रोगको कारक जीवाणु** : *Drechslera oryzae* (*Bipolaris oryzae*) नामक ढुसी

**रोगका लक्षणहरू** : संक्रमित धानको बेर्नामा साना, गोलाकार, पहेंला खैरा थोप्ला देखा पर्दछन् । गाँज आउने अवस्था सुरु भएपछि पातमा धब्बा देख्न सकिन्छ । प्रारम्भिक रुपमा थोप्ला सानो तीलका दाना आकारका अण्डाकार गाढा खैरा हुन्छन । पूर्ण विकसित थोप्ला वा धब्बाहरू केन्द्र भागमा हल्का खैरा खरानी रंगका गोलाकार वा अण्डाकार हुन्छन् । पातको फेद, बाला तथा दानामा पनि यस्ता थोप्लाहरू देखिन्छन् ।



चित्र नं. २: धानको खैरो थोप्ले रोगको लक्षण (स्रोत: www.google.com)

### रोगको स्रोत र फैलिने वातावरण :

धैरै सापेक्षिक आद्रता (८६-१००%) र तापक्रम (१६-३६ डिग्री सेल्सियस) को बीचमा भएका ठाउँहरूमा यो रोग सजिलै विकसित हुन सक्छ । आक्रमण हुनका लागि ८ देखि २४ घण्टासम्म पात भिजेको हुनुपर्छ । ढुसीको जीवाणु बीउमा ४ वर्षसम्म बाँच्न सक्छ । बोटबाट बोटमा हावा तथा पानीको माध्यमबाट फैलिन्छ । खेतमा यो रोगको स्रोतमा संक्रमित बीउ, नाभो धान, संक्रमित धानका ठुटा र झारपातहरू पर्दछन् ।

### रोग व्यवस्थापनका उपायहरू :

- रोग अवरोधि जातको प्रयोग गर्ने ।
- यो रोग खास गरी मलजल नपुगेको अवस्थामा लाग्ने हुँदा उचित मात्रामा मलको प्रयोग गर्ने ।
- **तातोपानीबाट बीउ उपचार :** बीउ ब्याडमा छर्नुभन्दा पहिले बीउलाई तातोपानी (५०-५५ डिग्री सेल्सियस) मा १०-१२ मिनेटसम्म डुबाई उपचार गरी ब्याड राख्ने ।
- ढुसीनाशक विषादी कार्बेन्डाजिम ५० % डब्लुपी (जस्तैः वेभिस्टिन) २-३ ग्राम प्रति के.जी. बीउका दरले बीउ उपचार गरी धानको ब्याड राख्ने ।
- बेर्ना रोपेपछि यो रोगको आक्रमण भएमा मेन्कोजेव ७५ % डब्लुपी (जस्तैः डाईथेन एव-४५) वा प्रोपिनेव ७५ % डब्लुपी (जस्तैः एन्ट्राकोल, की एन्ट्रा) ३ ग्राम विषादी प्रति लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा ३ पटक छर्ने ।

### रोग व्यवस्थापनका उपायहरू :

- रोग अवरोधि जातको प्रयोग गर्ने ।
- यो रोग खास गरी मलजल नपुगेको अवस्थामा लाग्ने हुँदा उचित मात्रामा मलको प्रयोग गर्ने ।
- **तातोपानीबाट बीउ उपचार** : बीउ ब्याडमा छर्नुभन्दा पहिले बीउलाई तातोपानी (५०-५५ डिग्री सेल्सियस) मा १०-१२ मिनेटसम्म डुबाई उपचार गरी ब्याड राख्ने ।
- ढुसीनाशक विषादी कार्बेन्डाजिम ५० % डब्लुपी (जस्तैः वेभिस्टिन) २-३ ग्राम प्रति के.जी. बीउका दरले बीउ उपचार गरी धानको ब्याड राख्ने ।
- बेर्ना रोपेपछि यो रोगको आक्रमण भएमा मेन्कोजेव ७५ % डब्लुपी (जस्तैः डाईथेन एव-४५) वा प्रोपिनेव ७५ % डब्लुपी (जस्तैः एन्ट्राकोल, की एन्ट्रा) ३ ग्राम विषादी प्रति लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा ३ पटक छर्ने ।

## ३. धानको पाते फेद डडुवा रोग (Sheath blight)

**रोगको कारक जीवाणु** : *Rhizoctonia Spp.* नामक ढुसी

**रोगका लक्षणहरू :** शुरुमा पातको फेदमा अण्डाकार खैरो रंगका थोप्लाहरू देखिन्छन् । पछि यी थोप्लाहरूको आकारमा वृद्धि हुँदै गई बेआकारका एक प्रकारको कडा कालो गिर्खा (Sclerotia) बन्छ । वातावरण अनुकुल भएमा रोगको

लक्षण पातको सिथबाट शुरु भई पातको टुप्पोसम्म पुग्न सक्छ । प्रकोप बढी भएमा गिर्खाहरू पनि माथिल्लो भागमा समेत पुग्दछन् । पात पुरै डढ्छ फलस्वरुप पुरै बोट डडेको जस्तो देखिन्छ ।



चित्र नं. ३: धानको पाते फेदको डढुवा रोगको लक्षण (स्रोत: www.google.com)

## रोगको स्रोत र रोग फैलिने वातावरण :

यो रोगको ढुसी बीउको भित्री वा बाहिरी आवरणमा रहन सक्ने भए तापनि रोगी माटो नै रोगको प्रमुख स्रोत बन्छ । जीवाणुले बाँच्न स्केलेरोसिया (Sclerotia) बनाउँदछ । न्यानो र चिस्यान बढी भएको अवस्थाको माटो तथा तापक्रम २०-३० डिग्री सेल्सियस यो ढुसीको वृद्धिका लागि उयुक्त हुन्छ । माटोमा बढी चिस्यान वा बढी वर्षा भएको अवस्था यस रोगको विकासका लागि उपयुक्त वातावरण मानिन्छ । यस्तो अनुकुल वातावरणमा माटो र बिरुवाको ठुटाहरूमा रहेको जीवाणुका त्यान्द्रा र सुषुप्त अवस्थाका गिर्खाहरू सक्रिय भई नयाँ बोट बिरुवा तथा बेर्नालाई संक्रमण गरी रोग्याउँछ । सुषुप्त अवस्थाका गिर्खाहरू प्रतिकूल वातावरणमा पनि वर्षौसम्म माटोमा बाँचिरहन सक्छ । साधारणतया, यो जीवाणुको बीजाणु वा लैंगिक अवस्था हुँदैन । पानी जम्ने धान खेतमा खनजोत गर्दा स्क्लेरोसिया पानीमा तैरन्छन् । सुख्खा खेतमा जीवाणुले अन्य जातको पोषिता बोटलाई आक्रमण गर्छ र बाँच्ने मौका पाउँछ ।

## रोग व्यवस्थापनका उपायहरू :

- नाइट्रोजनयुक्त मल युरियामात्र प्रयोग नगरी फस्फोरस र पोटास पनि सिफारिस मात्रमा प्रयोग गर्ने ।
- धान बाक्लो नरोप्ने ।
- रासायनिक विषादी भ्यालिडामाइसिन ३% एल (जस्तैः सीथमार, भालीगन, ओजोरो) ३ मि.लि. प्रति लिटर पानी वा पेनकुरोन २३% एससी (मोनसेरेन २५०) १.५ मि.ली. प्रति लिटर वा कार्वेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटर पानीका दरले मिसाई १०-१२ दिनको फरकमा २ पटक छर्ने ।

## ४. धानको फेद कुहुने रोग (Foot Rot)

**रोगको कारक जीवाणु** : *Fusarium moniliformae* नामक ढुसी

**रोगका लक्षणहरू** : संक्रमित बिरुवाको रंग हल्का पहेलो हुन्छ । रोगको लक्षण नर्सरीदेखि गजाउँने बेलासम्म देखिन्छ । संक्रमित बिरुवा शुरुमा सामान्यभन्दा अति अग्लो हुन्छ, पहेँलिन्छन् र अन्तमा कुहिएर मर्ने गर्दछन् । तल्लो आँख्लाबाट जराहरू निस्किन्छन् । मरेका बोटहरू कुहिएर दोस्रो तहको संक्रमण देखिने र गन्हाउने हुन्छ ।



चित्र नं. ४: धानको फेद कुहिने रोगको लक्षण (स्रोत: www.google.com)

**रोगको स्रोत र फैलिने वातावरण** : यो रोगका जीवाणु माटो, धानका पुराना बोटका अवशेष तथा अन्य बैकल्पिक आश्रयदाता बोट बिरुवा तथा झारपातमा बाँच्ने हुन्छ । ढुसीले बिरुवामा विभिन्न कारणबाट बनेका घाउहरूबाट प्रवेश पाउँदछ । रोगका लैंगिक अवस्थालाई Gibberella fujikuroi भनिन्छ । जसले एक प्रकारको हर्मोन निकाल्छ । फलस्वरुप शुरुमा बोट अग्लो हुने तर पछि विषाक्त श्राव निकाल्ने हुनाले बोट मर्छ । न्यानो र सुख्खा मौसम ढुसीको आक्रमणको लागि अनुकूल हुन्छ ।

## रोग व्यवस्थापनका उपायहरू :

- रोग अवरोधक वा कम लाग्ने जातका धान लगाउने । ताइचुङ्ग, खुमल ११ जस्ता मोटा जातका धानहरूमा यसको प्रकोप कम देखिएको छ ।
- रोग बीउबाट सर्ने भएकोले स्वस्थ बीउको प्रयोग गर्ने । रोगी बोट भएको खेतबाट बीउ संकलन नगर्ने ।

- बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति के.जी. बीउका दरले उपचार गरेको बीउ ब्याडमा राख्ने ।

- शुरुको अवस्थामा केही बिरुवामा संक्रमण भएमा कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति ली. पानीमा मिसाई बिरुवाको फेदमा राम्रोसँग पर्ने गरी छर्ने ।

**सन्दर्भ सामग्रीहरू :**


कृ.सू.सं.के. (२०७३) । कृषि डायरी, कृषि सूचना तथा संचार केन्द्र (कृ.सू.सं.के.), हरिहरभवन, ललितपुर ।

पी.क्यू.पी.एम.सी. (२०७५) । पञ्जिकृत विषादीको सूची तथा विषादी खपत तथ्याङ्क । प्लान्ट क्वारेन्टिन एवं विषादी व्यवस्थापन केन्द्र पी.क्यू.पी.एम.सी., हरिहरभवन, ललितपुर ।

बा.सं.नी. (२०७३) । बाली बिरुवामा लाग्ने केही महत्वपूर्ण रोगहरूको पहिचान तथा व्यवस्थापन । बाली संरक्षण निर्देशनालय बा.सं.नी., हरिहरभवन, ललितपुर ।







### नेपाल बीउ व्यवसायी संघ

**केन्द्रीय कार्यालय, कलंकीको सुचना**

नेपाल बीउ व्यवसायी संघमा आवद्ध सदस्यहरुले आ–आफना जिल्ला तथा प्रदेशमा रहेका बीउ व्यवसायीहरुको यथार्थ तथ्यांक विवरण अद्यावधिक गरी जिल्लाले प्रदेशलाई र प्रदेशले केन्द्रमा पठाईदिनुहुन अनुरोध छ ।

त्यसै गरी, जिल्लामा आवद्ध बीउ व्यवसायी सदस्यहरुले आफ्नो कम्पनी, फर्म, एग्रोभेट, ईन्टरप्राईजेज आदी, आ.व. २०७६/०७७ को लागि नविकरण गर्न गराउनु हुन तथा जिल्लाले प्रदेशलाई र प्रदेशले केन्द्रलाई सदस्यता आवद्धताको विवरण र आर्थिक व्यवस्थापनको यथार्थ हिसाब किताव पनि बुझाउनहुन अनुरोध छ ।

हाल नेपाल बीउ व्यवसायी संघमा आवद्ध सदस्य महानुभावको विस्तृत विवरण अद्यावधिक गर्ने कार्य भईरहेको हुँदा ७ वटै प्रदेश र जिल्ला समन्वय समितिहरुले यथासक्य छिटो आ–आफ्नो क्षेत्र वा जिल्लामा भएका सदस्य महानुभावहरुको विवरण अद्यावधिक गरी प्रदेश र केन्द्रमा पठाइदिनुहुन अनुरोध छ । जिल्ला समन्वय समितिहरुले प्रत्येक सदस्यहरुको यथार्थ विवरणको लागि तपसिलका कागजपत्रहरुको छायाँप्रति केन्द्रीय कार्यालयमा उपलब्ध गराई दिनुहुन पनि अनुरोध छ ।

**तपसिल**

१. संस्था, कम्पनी दर्ताको प्रमाणपत्र (जि.प्र.का., घरेलु, नगरपालिका, गाउपालिका, अन्य)
२. स्थायी लेखा नं. (पान नं.) प्रमाणपत्र
३. आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणपत्र
४. तत्कालीन जिल्ला कृषि विकास कार्यालयबाट प्राप्त ईजाजतपत्र
५. नेशनल सीड वोर्डबाट प्राप्त ईजाजतपत्र
६. SQCC बाट प्राप्त ईजाजतपत्र
७. आधिकारिक व्यक्तिको २ वटा पासपोर्ट साईजको फोटो

**विस्तृत जानकारीको लागि**

## नेपाल बीउ व्यवसायी संघ


फोन नं. ०१–५२२५४४८, ९८५१२०२५८२
पो.ब.नं. १३८७४, कलंकी, काठमाडौं
इमेल: seedeanepal@gmail.com
वेभसाईट: nepalseedassociation.org.np



नेपाल बीउ व्यवसायी संघ, केन्द्रीय कार्यालय
फोन नं. ०१–५२२५४४८, ९८५१२०२५८२
पो.ब.नं. १३८७४, कलंकी, काठमाडौं
इमेल: seedeanepal@gmail.com
वेभसाईट: nepalseedassociation.org.np



**प्रकाशन समिति**
संरक्षक : लक्ष्मीकान्त ढकाल
संयोजक : मित्रराज दवाडी
सदस्य : मणिदेव भट्टराई
सदस्य : हरिराज भट्टराई
सदस्य : बसन्तचन्द्र मरहट्टा
सदस्य : सरोज सापकोटा

**सम्पादक मण्डल:**
प्रधान सम्पादक : डा. हरिकुमार श्रेष्ठ
सह–सम्पादक : लालप्रसाद आचार्य
सहयोगी : सम्बर बहादुर लामा